अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८१-०८२

(सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई)

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !!

(सूचना नं. १२८ प्रकाशित मितिः २०८२/०३/२६)

प्रस्तुत विषयमा "सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) अनुसार श्रावण १ देखि भाद्र मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति स्वयंम आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिने व्यवस्था भएको जानकारी गरिन्छ।

तसर्थ यस गाउँपालिका अन्तर्गतका सबै (१-६) वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुमा आ.व. २०८२/०८३ मा पनि सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राहीहरूले आ-आफ्नो स्थायी ठेगानामा रहेको वडा कार्यालयमा गई **२०८२ श्रावण १ गते देखि भाद्र मसान्त भित्र** स्वयंम व्यक्तिले बायोमेट्रिक सहित र पूर्ण अपाङ्गता, ९० वर्ष माथिका ज्येष्ठ नागरिक तथा बालबालिकाको हकमा माथवर वा संरक्षक उपस्थित भई आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न हुन सम्पूर्ण लाभग्राही तथा सरोकारवालामा जानकारी गरिन्छ।

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरुः-

| क्र.सं. | लाभग्राहीको किसिम | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक, अन्य र ज्येष्ठ नागरिक दलितः | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ राष्ट्रिय परिचयपत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम<br>➢ हालै खिचेको पासपोर्ट साईज एक प्रति फोटो<br>➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणका लागि निवेदन (अनुसूची-४)<br>➢ पूर्ण अपाङ्गको हकमा संरक्षक वा माथवरको नागरिकता प्रमाण पत्र, भत्ता प्राप्त गरिरहेको लाभग्राहीको बैंकको खाता नम्बर र नाम देखिने गरी चेकको १ प्रति प्रतिलिपि |
| २ | एकल महिला र विधवाः | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ राष्ट्रिय परिचयपत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम<br>➢ हालै खिचेको पासपोर्ट साईज एक प्रति फोटो<br>➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणका लागि निवेदन (अनुसूची-४)<br>➢ श्रीमानको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>➢ अर्को विवाह नगरी बसेको प्रमाणपत्र वा सिफारिस |

| क्र.सं. | लाभग्राहीको किसिम | आवश्यक कागजातहरू |
|---|---|---|
| ३ | "क" वर्ग र "ख" वर्गका अपाङ्ग: | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ राष्ट्रिय परिचयपत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम<br>➢ हालै खिचेको पासपोर्ट साईज एक प्रति फोटो<br>➢ नागरिकता /जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणका लागि निवेदन (अनुसूची-४)<br>➢ पूर्ण अपाङ्गको हकमा संरक्षक वा माथवरको नागरिकता प्रमाण पत्र, भत्ता प्राप्त गरिरहेको लाभग्राहीको बैंकको खाता नम्बर र नाम देखिने गरी चेकको १ प्रति प्रतिलिपि |
| ४ | दलित र क्षेत्र तोकिएका बालबालिका: | ➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि<br>➢ हालै खिचेको पासपोर्ट साईज एक प्रति फोटो<br>➢ संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢ नवीकरणका लागि निवेदन (अनुसूची-४)<br>➢ भत्ता प्राप्त गरिरहेको लाभग्राहीको बैंकको खाता नम्बर र नाम देखिने गरी चेकको १ प्रति प्रतिलिपि<br>➢ बालबालिकाको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>➢ संरक्षक तथा माथवरको राष्ट्रिय परिचयपत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम |

नोट:- तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगरे प्रणालीबाट स्वतः बिभागले लगत कट्टा गर्नेछ र सामाजिक सुरक्षा भत्ता पाइने छैन।

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत